**भोटेकोशी र त्रिशूली नदीमा आएको भीषण बाढीबाट क्षतिग्रस्त जलविद्युत आयोजना, हराइरहेका तथा उद्धार भएकाहरुको विवरण**

सञ्चालन – ८ (२८१ मेगावाट)

निर्माणाधीन –४ (३८८ मेगावाट)

जम्माः १२ (६६९ मेगावाट)

# क्षतिग्रस्त आयोजनाहरुको संख्या र हराईरहेका व्यक्तिको विवरण

आयोजना संख्याः ११

सम्पर्कविहिन व्यक्तिहरुको संख्याः ९३६

**रसुवामा बाढीबाट पूर्णरुपमा क्षतिग्रस्त जलविद्युत आयोजना**

| क्र सं | आयोजना | जडित क्षमता (मेगावाट) | विवरण | प्रवर्द्धक कम्पनी | सम्पर्क बिहिनको संख्या | सकुशल तथा उद्धार भएकाको संख्या | कूल जनशक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | माथिल्लो त्रिशूली-१ | २१६ | निर्माणाधीन | नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्ल्युइडिसी ) | ५५१<br>• हराइरहेका मध्ये ११५ जना हेडवक्स तथा मुख्य सुरुङमा फसेको आशंका<br>• एनडब्लुइडिसी (प्रवर्द्धक): १५ जना<br>• जेडकन्सल्ट (परामर्शदाता) : ७ जना<br>• डुसान (मुख्य ठेकेदार): ५६ जना<br>• पावर चाइना (सिभिल ठेकेदार): ३८५ जना<br>• एन्ड्रिज हाइड्रो (इलेक्ट्रो | ८७६<br>(६ जनाको शब फेला) | १,४३३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | मेकानिकल): ९४ जना | | |
| २ | रसुवागढी | १११ | सञ्चालन | रसुवागढी हाइड्रोपावर कम्पनी | ९३<br>• भूमिगत विद्युतगृहमा कति फसेका छन् भन्ने यकिन नभएको<br>• प्रवर्द्धक कम्पनी (आरएचसी) : ५१ जना ( २ जना ज्यालादारी सहित )<br>• शेर्पा हाइड्रो कन्स्ट्रक्सन प्रालि- ३५ जना<br>• सीडब्ल्यूई- ४ जना (१ जना चिनियाँ र ३ जना नेपाली)<br>• भेनस कन्स्ट्रक्सन- ३ जना | • ३ जना सुरक्षित स्थानमा गएर सुरक्षित<br>• ४ जना बाढीको २ दिनपछि भूमिगत डिसेन्डरबाट आफैं बाहिर निस्किएपछि उद्धार | |
| ३ | रसुवा-भोटेकोशी | १२० | निर्माणाधीन | लाङटाङ भोटेकोशी हाइड्रोपावर कम्पनी प्रानल | ४ | सुरक्षित स्थानमा पुगेका ३ जना चिनियाँ र २ जना नेपालीको हेलिकप्टरबाट उद्धार | |
| ४ | लाङटाङ खोला | २० | परीक्षण सञ्चालन | मल्टी इनजी डेभलपमेन्ट प्रालि | ३९ | १९ जनाको उद्धार र २ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जनाको शब फेला । | |
| ५ | चिलिमे | २२ | सञ्चालन | चिलिमे जलविद्‌युत कम्पनी | ६<br>भूमिगत विद्‌युतगृहमा फसेको | कठिनाइका कारण कसैको उद्धार हुन नसकेको | साइट कार्यालयमा ७१ जना कार्यरत रहेकोमा अन्यले सुरक्षित स्थानमा गएर ज्यान जोगाएका छन् । |
| ६ | मैलुङ खोला | ५ | | मैलुङ खोला जलविद्‌युत कम्पनी लिमिटेड | ७<br>विद्‌युतगृहमा कार्यरत कोही एकसातासम्म पनि सम्पर्कमा आउन नसकेको | | अज्ञात |
| | जम्मा | ४९४ | | जम्मा | ७०० | | |

**बाढीबाट पूर्णरुपमा प्रभावित जलविद्‌युत आयोजना**

| क्र सं | आयोजना | जडित क्षमता (मेगावाट) | विवरण | प्रवर्द्धक कम्पनी | सम्पर्क बिहिनको संख्या | अवस्था |
|---|---|---|---|---|---|---|
| १ | त्रिशूली जलविद्‌युत केन्द्र | २४ | सञ्चालन | नेपाल विद्‌युत प्राधिकरण | ३<br>(२ जना सुरक्षागार्ड तथा १ जना कर्मचारी) | ७० जना सकुशल |
| २ | देवीघाट जलविद्‌युत केन्द्र | १४.१ | सञ्चालन | नेपाल विद्‌युत प्राधिकरण | १<br>(सुरक्षागार्ड) | |
| ३ | माथिल्लो निशूली–३ए | ६० | सञ्चालन | नेपाल विद्‌युत प्राधिकरण | ३९<br>(दुई जनाको सकशुल उद्धार र एक शव फेला) | खोजी कार्य जारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | माथिल्लो त्रिशूली ३बी | ३७ | निर्माणाधीन | त्रिशूली जलविद्युत कम्पनी | १९१<br>• फेवा कन्स्ट्रक्सन–१४१<br>• त्रिशूली जलविद्युत कम्पनी–२१<br>• कर्मचारीका परिवार–७<br>• चेस्का इन्जिनियरिङ (परामर्शदाता )–१२<br>• सुरक्षा गार्ड–१<br>• काठमाडौं विश्व विद्यालयबाट इन्टर्नसिप गर्न गएका विद्यार्थी–३ | • सुरुङमा काम गरिरहेका २३ जना बाहिर निस्कन सफल<br>• सुरुङभित्र धेरै हिलो तथा लेदो नपस्दा सुरक्षित निस्कन सकेको |
| ५ | मिडल त्रिशूली गंगा | १५.६ | निर्माणाधीन | पर्फेक्ट इनर्जी डेभलपमेन्ट प्रालि | २ | घाइते अवस्थामा १ जनाको उद्धार |
| ६ | नुवाकोट सौर्य विद्युत आयोजना | २५ | सञ्चालन | नेपाल विद्युत प्राधिकरण | | – |
| | जम्मा | १७५ | | जम्मा | २३६ | |

**भोटीकोशी बाढीबाट क्षतिग्रस्त आयोजनाको खोजी तथा उद्धार कार्यको २०८३-०५-१९ को अपडेट**

## माथिल्लो त्रिशूली–१ (२१६ मेगावाट)

बाढीले क्षतिग्रस्त माथिल्लो त्रिशूली–१ आयोजना शुक्रबार पनि सुरुङ तथा हेडवक्स हराइरहेकाहरूको खोजीका लागि आवश्यक कार्य जारी रह्यो । यस क्रममा तालिम प्राप्त ६ जनाको शब फेला पारेर सल्लेटार एरियाका ६ शवहरु नेपाली सेनाद्धारा बट्टार ल्याइएको छ । शवहरु चिन्न नसक्ने अवस्थामा रहेकोले कस्को भन्ने ऐकिन भएको छैन ।

शुक्रबार  दिनभर हेडवक्र्स र सुरुङ क्षेत्रमा खोजी कार्य भएको छ । उद्धारका लागि कोरियाली, शेर्पा, सर्च, ड्रोन टिम सक्रिय भएको छ भने विशेष क्यामेरा र तालिम प्राप्त कुकुर पनि सो क्षेत्रमा लगिएको छ । उद्धारका लागि कम्पनीले १५ वटा विभिन्न उद्धार गर्ने मेशिन तथा उपकरणहरु पुर्याइएको र भोलि आयोजनास्थलमा उद्धारलाई तीव्रता दिने

कम्पनीले जनाएको छ । सुरुङमा भने आज वाटर पम्पको कार्य जारी राखिएको छ । बाढी आउनुअघि आयोजनास्थलमा कूल १ हजार ४३३ जना कार्यरत थिए । ती हालसम्म ८७६ जनाको उद्धार  गर्न सकिएको छ ।

आजै प्रर्वद्धक कम्पनी तथा निर्मण कम्पनीहरु डोसान र पावर चाइनाद्धारा व्यवस्थापन टीमद्धारा गृह सचिवसँग भेट गरी उद्धारको अवस्थाको जानकारी गराउनुका साथै उद्धारका लागि आवश्यक थप उपकरण र मेशिनहरु लानका लागि सहजीकरण गर्न आग्रह गरेको छ भने गृह सचिवले उपकरणहरु तुरुन्तै पठाउने जनाएका छन् ।

**माथिल्लो त्रिशूली थ्री 'बी' (३७ मेगावाट)**

बाढीको १० दिनसम्म पनि माथिल्लो त्रिशूली थ्री बी आयोजनाबाट हराइरहेकाहरूको अवस्थाबारे थाहा हुन सकेको छैन । आयोजना स्थलमा साना मेसिनरी उपकरणबाट उत्खनन गर्दा विद्युतगृह रहेको स्थानमा खोला आइपुगेको छ । त्रिशूली नदीको सतहतदेखि २ मिटर तलसम्म उत्खनन गर्दा समेत विद्युतगृहको संरचनाको केही नभेटिएपछि १२ मिटरसम्म खन्ने तयारी गरिएको छ । खोजी तथा उद्धार कार्यमा खटिएको सुरक्षा कर्मीले आयोजनाको सर्जट्याङ्कदेखि पेनस्टकसम्म खोजी कार्य गर्दा केही भेटिएन । आयोजनाको अडिट सुरुङबाट थप मेसिनरी उपकरण लैजान सकिन्छ कि भन्ने सम्बन्धमा प्रयास गरिएको छ । निरन्तरको वर्षा तथा नदीमा पानीको सतह बढिरहेकाले ठूलो मेसिनरी उपकरण आयोजना स्थलमा पु¥याउन कटिनाई भइरहेको छ । त्रिशूली–३ 'बी' बाट १९१ जना हराइरहेका छन् । हराउनेमा निर्माण कम्पनी फेवा कन्स्ट्रक्सनका १४१ जना, आयोजनाको प्रवद्र्धक त्रिशूली जलविद्युत कम्पनीका २१ जना कर्मचारी, ७ जना कर्मचारीका परिवार, परामर्शदाता चिलिमे इन्जिनियरिङ (परामर्शदाता) का १२ जना, १ जना सुरक्षा गार्ड, र काठमाडौं विश्व विद्यालयका इन्टर्नसिप गर्न गएका इन्जिि नियरिङ संकायमा ३ जना विद्यार्थी छन् । सुरुङमा कार्यरत २३ जनाले सुरक्षितरूपमा सुरुङ बाहिर निस्किएर ज्यान जोगाएका थिए ।

**माथिल्लो त्रिशूली थ्री 'ए' (६० मेगावाट)**

बाढीको १० दिनपछि माथिल्लो त्रिशूली थ्री ए को विद्युतगृहमा फसिरहेका मध्ये २ जनाको शुक्रबार बिहान सकुशल उद्धार भएको छ । निरन्तरको प्रयासपछि २१६ घन्टापछि कोइलाडी–८, सप्तरीका सन्जय साह र बालकुमारी काठमाडौंका कबिर मर्हजनको सकुशल उद्धार गर्न सम्भव भएको हो । बिहान करिब ८:५५ बजेको समयमा उद्धार टोलीले उनीहरूलाई बाहिर निकालेको हो । अन्यको खोजी तथा उद्धारको प्रयास भइरहेको नेपाल विद्युत प्राधिकरणले जनाएको छ । उनीहरूको काठमाडौंस्थित छाउनी अस्पतालमा उपचार भइरहेको छ । चिकित्सकहरूका अनुसार उनीहरूको स्वास्थ्य अवस्था सामान्य छ ।

**रसुवागढी (१११)**

रसुवागढीमा आयोजना स्थलमा मेसिनरी उपकरण पु¥याएर विद्युतगृहमा फसेकाहरूको उद्धार कार्य शुक्रबार पनि सुरु गर्न सकिएन । शेर्पाहरूको समूह लगेर सम्पर्क बिहिन भएकाहरूको खोजीको प्रयास गरिएको छ । मेसिनरी उपकरण आयोजना स्थलमा लगेर खोजी कार्य सुरु गर्न नदीमा निरन्तर बढीरहेको पानीको सतह तथा खराब मौसमले चुनौती थपिएको छ । मेसिनरी उपकरण तथा आवश्यक उपकरणहरु त्रिशूलीबाट धुन्चेसम्म लगिएपनि आयोजना स्थलसम्म पु¥याउन सकिएको छैन । धुन्चेबाट आयोजना स्थल पुगेर साँझ धुन्चे नै फर्कन समस्या हुने हुँदा शनिबारदेखि आयोजनाको सर्जट्याङ्क रहेको अग्लो स्थानमा क्याम्प बनाएर त्यहीं बस्ने व्यवस्था गर्न लागिएको प्रवद्र्धक रसुवागढी हाइड्रोपावर कम्पनीले जनाएको छ । रसुवागढीबाट ९३ जना हराइरहेका छन् ।

**लाङटाङ खोला (२० मेगावाट)**

लाङटाङ खोलामा हराइरहेका ४१ जना मध्ये बिहीबार २ जनाको सब भेटिएपनि थपको अवस्था थाहा हुन सकेको छैन । शुक्रबार नेपाली सेनाको सुरुङभित्र प्रवेश गरेर खोजी गरेको छ । यो आयोजनाबाट १९ जनाको उद्धार भएको थियो भने २ जना मृत भेटिएका छन् । ३९ जनाको अवस्था अझै अज्ञात छ ।